REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40hrs 30.06.2026

## 1 Tripura CM Sikkim Visit

त्रिपुराका पूर्व मुख्यमन्त्री तथा सांसद बिप्लब कुमार देब सिक्किम भ्रमणमा आउनुभएको छ। उहाँले सोमबार मुख्यमन्त्री प्रेमसिंह तामाङलाई राजधानीस्थित उहाँको सरकारी निवासमा शिष्टाचार भेट गर्नुभयो। श्री तामाङले सांसद बिप्लब कुमार देब र उहाँकी धर्मपत्नी त्रिवेणी रावलाई स्वागत गर्न पाउँदा अत्यन्तै हर्षित महसुस गर्नुभएको अनि आपसी हित र साझा चासोका विविध विषयमा अर्थपूर्ण छलफल भएको उल्लेख गर्नुभएको छ। श्री तामाङले सांसद देबको जनसेवा र राष्ट्रसेवाको यात्रा अझ सफल र प्रभावकारी रहोस् भनेर हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ।

## 2 CM- Kiran Rasaily

मुख्यमन्त्री प्रेमसिंह तामाङले सिक्किमका प्रख्यात वास्तुकार, कलाकार तथा सांस्कृतिक व्यक्तित्व किरण रसाइलीको निधनमा गहिरो शोक व्यक्त गर्नुभएको छ। उहाँले स्वर्गीय रसाइलीले सिक्किमको वास्तुकला, कला, फोटोग्राफी तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा पुऱ्याएको अतुलनीय योगदानले अमेट छाप छोडेको र आफ्नो सिर्जनशीलता, दूरदृष्टि तथा युवा प्रतिभालाई प्रोत्साहन गर्ने समर्पणमार्फत असंख्य व्यक्तिहरूलाई प्रेरित गरेको उल्लेख गर्नुभयो। उहाँले शोक सन्तप्त परिवारमा हार्दिक समवेदना व्यक्त गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना गर्नुभएको छ।

## 3 RRU Pasighat

भारत सरकारको गृह मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय महत्वको संस्था- राष्ट्रिय रक्षा विश्वविद्यालयले अरुणाचल प्रदेशको पासीघाट क्याम्पसमा निम्न विषयहरूका लागि आवेदनहरू आमन्त्रित गरिरहेको छ - प्रहरी प्रशासन र रणनीतिक व्यवस्थापनमा एम.ए ; सुरक्षा व्यवस्थापनमा बी.ए.; प्रहरी विज्ञानमा डिप्लोमा; शक्ति र कन्डिसनिङमा स्नातकोत्तर डिप्लोमा; अनि साइबर सुरक्षा र डिजिटल फोरेन्सिक्समा स्नातकोत्तर डिप्लोमा। इच्छुक उम्मेदवारहरूले rru.ac.in/arunachal-pradesh-campus मा आवेदन दिन सक्छन् वा admission.ap@rru.ac.in मा मेल गर्न सक्छन्। थप स्पष्टीकरणको लागि उम्मेदवारहरूले सात सुन्ना सुन्ना पाँच पाँच- नौ तीन सात सात नौ, मा सम्पर्क गर्न सक्छन्।

## 4 Youth Arrested in Gangtok

एक प्रमुख राष्ट्रिय सुरक्षा अनुसन्धानले, पाकिस्तानसँग सम्बन्धित आतंकवाद र जासुसी सञ्जालको, सिक्किमसँग सम्भावित सम्बन्ध भएको खुलासा गरेको छ। अनुसन्धानसँग सम्बन्धित स्रोतहरू अनुसार, मुहम्मद नामका एक युवकलाई यस मुद्दाको सम्बन्धमा गान्तोकमा पक्राउ गरिएको थियो। सुरक्षाकर्मीहरूले संदिग्धलाई हिरासतमा लिनु अघि गान्तोकको नाम नाम रोड नजिकैको पान पसल र निवासमा राति अबेर अपरेशन गरेका थिए। अनुसन्धानकर्ताहरूले संदिग्धले कथित गतिविधिहरूको सम्बन्धमा वित्तीय लेनदेनको पनि जाँच गरिरहेका छन्। यो मुद्दा हाल अनुसन्धानको क्रममा छ, र अदालतको कार्यवाही चलिरहेको छ।

## 5 Mr AB Karki- Electoral Observer- Gyalshing and Soreng

निर्वाचन आयोगले सिक्किम सरकारको मुद्रण तथा स्टेशनरी विभागका सचिव ए. बी. कार्कीलाई ग्यालशिङ र सोरेङ जिल्लाका लागि मतदाता नामावली पर्यवेक्षकको रूपमा नियुक्त गर्न स्वीकृति दिएको छ। मतदाता नामावली पर्यवेक्षकले तोकिएका जिल्लाहरूमा विशेष गहन संशोधन प्रक्रियाको निरीक्षण गर्नेछन् र मतदाता नामावली संशोधनको प्रगतिको अनुगमन गर्नेछन्। पर्यवेक्षकलाई आयोगको विद्यमान निर्देशन अनुसार, सिक्किममा मतदाता नामावली संशोधनको प्रगतिबारे आवधिक प्रतिवेदन निर्वाचन आयोगमा पेश गर्न निर्देशन दिइएको छ।

## 6 KISCE -Soneya Subba

हालै पञ्जाबमा सम्पन्न पाँचौं अन्डर-फिफ्टिन सब-जुनियर गर्ल्स एण्ड ब्वाइज राष्ट्रिय बक्सिङ च्याम्पियनसिपमा सोनेया सुब्बाले कांस्य पदक जितेकी छिन्। सुश्री सुब्बाले खेलो इन्डिया सेन्टर (बक्सिङ), सोरेङबाट आफ्नो बक्सिङ यात्रा सुरु गरेकी थिइन्, जहाँ उनको प्रतिभा र समर्पणलाई पहिलो पटक प्रवर्द्धन गरिएको थियो। पछि उनको क्षमतालाई पहिचान गर्दै, उनलाई खेलो इन्डिया स्टेट सेन्टर अफ एक्सिलेन्स, रेशिथाङमा भर्ना गरियो, जहाँ उनले उच्च प्रदर्शन टोलीको मार्गदर्शनमा आफ्नो सीप विकास गरिन्। उनको यस उल्लेखनीय उपलब्धि सिक्किमको लागि एक गर्वको क्षण हो।

## 7 Summer Cricket Camp at Pakyong

सिक्किम क्रिकेट संघद्वारा आयोजित ग्रीष्मकालीन क्रिकेट शिविर दुई हजार छब्बीस, जून अठाइस-मा पाक्योङको डिक्लिङ मैदानमा ठूलो जोश र उत्साहका साथ सुरु भयो। यो शिविर पाँच जुलाई दुई हजार छब्बीस  सम्म जारी रहनेछ र बीसीसीआई प्रमाणित स्तर बी प्रशिक्षक किकम भुटियाद्वारा सञ्चालन गरिँदैछ। शिविरमा पाक्योङ जिल्लाभरिका युवा क्रिकेट खेलाडीहरूले हप्ताभरि ब्याटिङ, बलिङ, फिल्डिङ, फिटनेस र म्याच अभ्यासमा संरचित प्रशिक्षण प्राप्त गर्नेछन्।